# चन्द्रागिरि नगरपालिका
चन्द्रागिरि नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
बलम्बु, काठमाडौं

प.सं. : २०८१।०८२
च.नं. :

बागमती प्रदेश, नेपाल

चन्द्रागिरि नगरपालिका नगर कार्यपालिकाको कार्यालय बलम्बु, काठमाडौं बागमती प्रदेश, नेपाल

मितिः २०८२-०२-०१

## कृषि व्यवसाय प्रवर्द्धन (कागती खेती) कार्यक्रम सञ्चालनका लागि प्रस्ताव आव्हान सम्वन्धि सूचना

दोस्रो पटक प्रकाशित मितिः- २०८२/०२/०१

चन्द्रागिरि नगरपालिका, कृषि विकास शाखाको आर्थिक वर्ष २०८१/०८२ को वार्षिक स्वीकृत कार्यक्रम अनुसार प्रदेश सरकारबाट सशर्त वित्तिय हस्तान्तरित कृषि व्यवसाय प्रवर्द्धन(कागती खेती) कार्यक्रम, तपशिलमा उल्लेखित लक्षित क्षेत्रमा, वागमती प्रदेश, कृषि तथा पशुपन्छी विकास मन्त्रालयको स्थानिय तहमा विनियोजित सशर्त अनुदान कार्यक्रम कार्यान्वयन कार्यविधि २०८१ बमोजिमको लागत साझेदारीमा सञ्चालन गर्नुपर्ने भएकोले, सम्वन्धित लक्षित क्षेत्र भित्रका ईच्छुक कृषक /कृषि फर्म/कृषक समुह/सहकारी/समितिहरुले यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले १५ दिन अर्थात मिति २०८२/०२/१५ गते भित्र नगरपालिकाको कृषि विकास शाखामा तपशिलमा उल्लेखित आवश्यक कागजात सहित निवेदन दर्ता गराउनुहुन सम्वन्धित सवैको जानकारीको लागि यो सूचना पुन प्रकाशन गरिएकोछ। साथै रित नपुगेका र म्याद नाघी प्राप्त हुन आएका प्रस्तावहरु छनौटको लागि समावेश हुन नसक्ने व्यहोरा समेत जानकारी गराईन्छ।

आवश्यक थप जानकारी तथा अनूसूचीको लागि कृषि विकास शाखामा सम्पर्क गर्नुहुन अनुरोध छ साथै प्रथम पटक सूचना प्रकाशन हुदा प्रस्ताव दर्ता गराउनु भएका आवेदकले पुन प्रस्ताव दर्ता गराउन नपर्ने व्यहोरा जानकारी गराईएको छ।

तपशिल

| क्र.स. | कार्यक्रमको नाम | लक्ष्य | वजेट रु (लाखमा) | कार्यक्रम सञ्चालन हुने लक्षित क्षेत्र | कार्यक्रममा सहभागिताको न्युनतम मापदण्ड |
|---|---|---|---|---|---|
| १ | कृषि व्यवसाय प्रवर्द्धन (कागती खेती) | १ पटक | ५ | वडा नं १ र १२ | न्युनतम १ रोपनी क्षेत्रफल हुनुपर्ने। |

निवेदन साथ पेश गर्नुपर्ने कागजातहरु

१. कार्यक्रम कार्यान्वयनको लागि अनूसूची-२ को प्रस्ताव सहितको निवेदन।
२. सम्वन्धित निकायमा कृषि फर्म/कृषक समुह/कृषि सहकारी/समिति दर्ता तथा नविकरण भएको प्रमाणपत्रको प्रतिलिपि।
३. कार्यक्रम सञ्चालन हुने स्थान (जग्गा/जमिन) को स्वामित्व खुल्ने कागजात वा भाडाको जग्गा भएमा कम्तिमा १० देखि १५ वर्षको सम्झौता पत्रको प्रतिलिपि।
४. समुह/सहकारीको हकमा प्रवन्ध पत्र वा नियमावली र कार्यसमितिको निर्णयको प्रतिलिपि।
५. प्यान दर्ता प्रमाण पत्र तथा चालु आर्थिक वर्षको करचुक्ता वा कर छुट भएको प्रमाणपत्रको प्रतिलिपि।
६. निवेदकको नागरिकता प्रमाणपत्रको प्रतिलिपि।
७. कार्यक्रम सञ्चालन गर्ने प्रतिवद्धता पत्र।
८. सम्वन्धित वडा कार्यालयको सिफारिस।
९. कार्यालयबाट माग भएका आवश्यक अन्य कागजात।

२०८२।२।१

दामोदर रिजाल
(शाखा अधिकृत)